# जर्बेरा फूल खेती प्रविधि




नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
फलफूल विकास निर्देशनालय

## पुष्प विकास केन्द्र

गोदावरी, ललितपुर, फोन : ०१-५१७२६०
Email : pbkgodawari@gmail.com


२०७३

# जरबेरा फूल खेती प्रविधि

**लेखक**

सिर्जना न्यौपाने पौडेल
बागवानी विकास अधिकृत

**सम्पादक**

द्रोणराज काफ्ले
बरिष्ठ बागवानी विकास अधिकृत

प्रकाश पौडेल
बरिष्ठ प्लाण्ट क्वारेन्टाइन अधिकृत

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग

**फलफूल विकास निर्देशनालय**

**पुष्प विकास केन्द्र**

गोदावरी, ललितपुर
Email : pbkgodawari@gmail.com

# जर्बेरा (Gerbera) फूल खेती प्रविधि

## परिचय

Family – Asteraceae
Botanical Name – *Gerbera jamesanii*
Common Name – Gerbera/African Daisy
नेपाली नाम – जर्बेरा

जर्बेरा फूलको उद्‌गम स्थल दक्षिणी अफ्रिकाको Natal र Transvaal क्षेत्रलाई मानिन्छ । त्यसैले जर्बेरा फूललाई African वा Transvaal Daisy को नामबाट पनि चिनिन्छ । जर्बेरालाई Traugoot Gerber नाम गरेका जर्मन प्रकृतिविद्ले पत्ता लगाएको हुनाले जातीय नाम Gerbera उनैको Family नामबाट राखिएको छ । त्यस्तै प्रजातीय नाम *jamesanii*, Robert Jameson भन्ने Scotsman Botanist को नामबाट राखिएको छ जसले जर्बेराका विभिन्न प्रजातिहरूलाई क्याम्ब्रेज बोटानिकल गार्डेनमा introduce गराएका थिए । Daisy को classic र symbolic meaning निर्दोष, पवित्र र खुसीका रंगहरूको रूपमा पनि लिने गरिन्छ । कटफ्लावरको बजारमा विश्वभरि नै निकै राम्रो बजार लिन सफल यो फूलको व्यावसायिक खेती नेपालमा भने केही वर्ष अघिदेखि मात्र सुरू भएको पाइन्छ र यो फूल होल्यान्डबाट नेपाल भित्रिएको निजी नर्सरीहरूको भनाई छ । अहिले विश्व flouriculture industry ले 200 varieties का जर्बेरा उत्पादन गर्दछ र प्रमुख जर्बेरा उत्पादन गर्ने देशहरूमा कोलोम्बिया, क्यालिफोर्निया, फ्लोरिडा, इजरायल र नेदरल्याण्ड अग्रपंतिमा छन् । यो फूलको ताजापन रहने अवधि पनि केही लामो र प्राकृतिक रूपमा धेरै रंगहरूमा पाइने निकै आकर्षक फूल भएकोले बिहे, सभा, समारोह आदिमा Decorative Flower को रूपमा प्रयोग गरिन्छ । यसबाहेक सबैखाले हावापानीमा फूल्न सक्ने यो फूल बोर्डर, गमला र रक गार्डेनमा समेत रोपेर वातावरणलाई मनमोहक बनाउन सकिन्छ ।

## जर्बेराका हाइब्रिड जातहरु

रोग प्रतिरोधी क्षमता तथा उत्पादकत्व बढि भएका कारण पुष्प व्यवसायमा दिनानुदिन हाइब्रिड जातहरूको प्रयोग बढ्दै गइरहेको छ । व्यावसायिक जर्बेरा खेतीको लागि उपयुक्त केही प्रमुख हाइब्रिड जातहरू :

| | | |
|---|---|---|
| रातो | – | रूबि रेड, डस्टि, साल्भाडोर, भेष्टा, रेड इम्पल्स |
| पहेंलो | – | सुपरनोभा, फुलमुन, पानामा, युरानश |
| सुन्तला रंग | – | ओरेन्ज क्लासिक, गोलिएन्थ, क्यारीरा, कोजाक, मरासोल |
| क्रिम रंग | – | फरिडा, डल्मा, स्नो फ्लेक, विन्टर क्विन |
| पिंक रंग | – | भ्यालेन्टाइन, मारमरा, ताराक्विन, पिंक इलिगान्स |
| सेतो रंग | – | डेल्फि |
| बैजनी रंग (पर्पल) | – | ब्याकज्याक |

## हाल पुष्प विकास केन्द्रमा उपलब्ध जर्बेराका जातहरु

| | | |
|---|---|---|
| पिंक | – | Glamour |
| सेतो | – | Whitehouse |
| गाढा रातो | – | Brunello |
| क्रिमी सेतो | – | Artist |
| सुन्तला रंग | – | Dune |

## प्रसारण विधि

जर्बेरा बीउ (seed) तथा वानस्पतिक (vegetative) दुबै तरिकाबाट प्रसारण गर्न सकिएता पनि तुलनात्मक रूपमा वानस्पतिक विधिबाट सजिलो हुने र प्रसारण क्षमता राम्रो हुने हुनाले प्रायः डिभिजन, बड कटिङ्ग र टिस्यु कल्चर प्रविधिबाट नै यसको प्रसारण गरिन्छ ।

### १) सकर विभाजन गरेर

यस तरिकाबाट बिरूवा प्रसारण गर्दा नयाँ पलाएका plantlets लाई माउ बोटबाट छुट्याएर अन्यत्र सारिन्छ । यस्तो कार्य बिरूवा रोपेको २–३ वर्ष भएपछि, प्रायः June/July वा जेठ/आषाढमा गरिन्छ ।

### २) बड कटिङ्ग

कटिङ्गबाट बिरूवा प्रसारण गर्दा पातको डाँठसंग जोडिएका कोपिलाहरूलाई निकालेर रूटिङ्ग मिडियामा राखि २/३ महिनामा जरा पलाएपछि अन्यत्र सारिन्छ । सामन्यतया २–३ महिनामा एउटा माउबोटबाट ४०–५० वटासम्म बिरूवा उत्पादन गर्न सकिन्छ ।

### ३) टिस्यु कल्चर

यस विधिबाट बिरूवाको प्रसारण गर्दा छोटो समयमा धेरै संख्यामा बिरूवा उत्पादन गर्न सकिन्छ । त्यसैले बिरूवा उत्पादनमा टिस्युकल्चर प्रविधिको प्रयोग दिनानुदिन बढ्दै गईरहेको छ । यस विधिबाट बिरूवाको प्रसारण गर्दा बिरूवाका विभिन्न भागहरू जस्तैः डाँठको टुप्पोको भाग, फूल फुल्न कोपिला लागेका हाँगाहरू, कोपिलाहरू, capitulum, mid-ribs आदि प्रयोग गरिन्छ । यस विधिमा कल्चर मिडिया बनाउन MS (Murashige and Skoog) मिडिया उपयुक्त हुन्छ ।

## माटो तथा हावापानी

जर्बेरा खेतीको लागि राम्रो निकासयुक्त मलिलो र केही क्षारीय वा तटस्थ - (पि.एच ६.५ - ८) किसिमको माटो उपयुक्त मानिन्छ । यसको जरा ६० से.मी. गहिरो सम्म फैलनसक्ने भएकोले कम्तिमा ५० से.मी. सम्मको माटो छिद्र porus भएको र राम्रो निकास (Good internal drainage) भएको हुनुपर्छ । यसको खेती उष्ण (tropical) तथा सम–शितोष्ण (sub-tropical) दुबै हावापानीमा सफलतापूर्वक गर्न सकिन्छ । तर चिसो महिनामा तुसारो पर्ने ठाउँहरूमा चाहिं ग्रिनहाउस वा प्लाष्टिक घरभित्र मात्रै गर्न सकिन्छ । दिनको तापक्रम औषत २०–२५°C र रातको तापक्रम १५–१८°C जर्बेरा खेतीको लागि सबै भन्दा उपयुक्त मानिन्छ । ३२°C भन्दा बढि र १५°C भन्दा तलको तापक्रम बोटले सहन सक्दैन र नयाँ मुनाहरू पलाउनको लागि पनि रातको तापक्रम बढि नै चाहिन्छ ।

## प्रकाश

जर्बेरा फूल फूल्नको लागि लामो दिनको आवश्यकता पर्दछ, छोटो दिन भएमा फूल फूल्नमा ढिलाई हुन्छ । गर्मी मौसममा Green house भित्रको तापक्रम घटाउनका लागि हल्का छायाँ दिन आवश्यक हुन्छ । यसका लागि shade net को प्रयोग गर्न सकिन्छ । फूल फूल्नु अगाडि बोटको राम्रो वानस्पतिक वृद्धि (vegetative growth) को लागि ग्रिनहाउसमा विद्युतीय चिमको प्रयोग गरि Photo-period बढाउन सकिन्छ ।

## आद्रता

हिउँदको मौसम, चिसो तथा अँध्यारो समयमा Green house आद्रता बढि भयो भने botrytis रोगको बढि समस्या देखा पर्ने भएको हुँदा दिनमा ६०% भन्दा तल र रातमा ८५% भन्दा तल आद्रता कायम राख्नु पर्दछ ।

# जग्गाको तयारी

## खनजोत तथा मलखाद

जर्बेरा कटफ्लावर उत्पादनको लागि जमीनलाई आवश्यकता अनुसार २–३ पटक जोती माटोलाई मसिनो बनाई सकेपछि ब्याड तयार गर्दा माटो, मलखाद र बालुवाको मात्रा ५५%, ३०% र १५% को दरले मिलाउनु पर्दछ । करिब १ फिट वा ३० से.मी. उचाई र १–१.२० मिटर चौडाईको ब्याड बनाउने र दुई ब्याडको बीचको दुरी ३०–५० से.मी.राख्ने । जर्बेरा खेती गरी राम्रो उत्पादन लिन प्रशस्त प्राङ्गारिक पदार्थ भएको माटो तथा अन्य प्रमुख तथा शुक्ष्म खाद्यतत्वहरूको सन्तुलित प्रयोग गर्नु अत्यावश्यक हुन्छ । जर्बेरा खेतीको लागि सिफारिस गरिएको मलखाद तथा खाद्यतत्वको मात्रा यसप्रकार छ :

| मलखाद | मात्रा | प्रयोग गर्ने समय/तरिका |
|---|---|---|
| गाई वस्तुको मल / राम्ररी पाकेको कम्पोष्ट | ८ के.जी./ वर्ग मिटर | ब्याड बनाई सकेपछि ८ के.जी. गोबर मलसंग बालुवा र धानको भुस पनि ४/४ के.जी. प्रति वर्ग मिटरका दरले माटोमा मिसाउने वा गोबर मल : बालुवा : धानको भुस (२:१:१) |

| खाद्यतत्व | मात्रा | प्रयोग गर्ने समय/तरिका |
|---|---|---|
| प्रमुख खाद्यतत्व (NPK) | १० : १५ : २० ग्राम/ ब.मीटर | बिरूवा रोपेको पहिलो ३ महिना भित्र |
| प्रमुख खाद्यतत्व (NPK) | १५ : १० : ३० ग्राम/ ब.मीटर/महिना | चौथो महिनादेखि र २ विभाजित मात्रामा, २ हप्ताको अन्तरमा |
| शुक्ष्म खाद्यतत्व (Ca, Bo,Cu, Mg) | ०.१५ % वा १.५ ग्राम/ लिटर पानीमा मिसाई | महिनाको एक पटक |

चुना १५० ग्राम र नीमकेक १ के.जी. प्रति वर्ग मीटरका दरले मिसाई रोपेको खण्डमा माटोको मलिलोपना तथा भौतिक अवस्थामा समेत सुधार हुन्छ ।

## माटोको निर्मलिकरण

तयारि बेडमा जर्बेराको बिरूवा रोप्नुभन्दा अगाडि माटोको नीर्मलिकरण (Disinfection) गर्न अत्यन्त जरूरी हुन्छ । अन्यथा माटोबाट सर्ने जिवाणुहरू जस्तै: *Phytopthora, Fusarium, Pythium* आदिको कारण पुरै बाली नष्ट हुनसक्ने खतरा

रहन्छ । नीर्मलिकरण २ तरिकाबाट गर्न सकिन्छ । पहिलो २% formaldehyde (20 ml/लिटर पानी) ले माटो भिज्नेगरि ड्रेन्चिङ्ग गर्ने र २–३ दिनसम्म पोलिथिन सीटले हावा नछिर्ने गरि छोपि राख्ने । यसरी तयार गरेको बेडमा बिरूवा रोप्नु अगाडि पानीले अनिवार्य chemicals पखाल्नु पर्छ । दोस्रो Alstasan silbox 500 (Nano silver Hydrogen Peroxide) ३५ मि.लि. प्रति लिटर पानीका दरले मिसाएर माटो उपचार गर्ने silbox प्रयोग गरेको ६ घण्टा पछि बीउ/बेर्ना रोप्न सकिन्छ । यसको प्रयोग पछि प्लाष्टिकले माटो छोपि राख्नु जरूरी पर्दैन ।

## बिरुवा रोप्ने समय र तरिका

जर्बेरा फूल वर्षको २ सिजन लगाउन सकिन्छ ।

१. बसन्त ऋतु वा माघ/फाल्गुन (Feb./ March) सबैभन्दा उपयुक्त मानिन्छ ।

२. बर्षाद ऋतु वा जेठ/आषाढ (June/July) मा पनि लगाउन सकिन्छ ।

तर शरद या शिशिर ऋतुको शुरूमा रोप्दा भर्खर रोपेको बिरूवालाई चिसो खप्नु पर्दा स्ट्रेस हुने र हिटिङ्गको व्यवस्था गर्दा मुल्य बढि पर्न जाने साथै light intensity समेत कम प्राप्त हुने हुँदा त्यति फाईदाजनक हुँदैन ।

पानीको राम्रो निकास र जरामा हावाको राम्रो आवत–जावतको व्यवस्था (aeration) को लागि बिरूवा केही अग्लो ब्याडमा रोप्नु पर्छ र रोप्दा जराको माथिल्लो भाग (crown) १–२ से.मी. माटोको सतह भन्दा माथि हुनेगरि रोप्नुपर्छ । पछि जराहरू फैलंदै गएपछि crown को भाग स्वतः माटो मुनि बस्छ ।

### बिरूवा रोप्ने दुरी :

बिरूवा रोप्दा लाईन देखि लाईनको दुरी ३०–४५ से.मी. र बोट देखि बोटको दुरी २५–३० से.मी. राख्दा ८ देखि १० बोट प्रति वर्गमिटर लगाउन सकिन्छ ।

## सिंचाई

बिरूवा रोप्ने बित्तिकै पानी दिनु पर्दछ र बिरूवा राम्ररी नसरेसम्म करिब १ महिना हरेक दिन बिहान overhead irrigation (स्प्रिङ्कलर, फोहोरा वा हजारी) बाट पानी दिनुपर्दछ । त्यसपछि थोपा सिंचाई Drip irrigation बाट १ दिन बिराएर पानी दिनुपर्छ । मौसम र बिरूवाको अवस्था हेरी औषत ५००–७०० मि.ली./दिन/बिरूवा पानीको आवश्यकता पर्दछ । पानी जम्ने अवस्था जर्बेराको लागि अत्यन्त हानिकारक हुने हुँदा त्यसतर्फ पनि विशेष ध्यान दिनुपर्दछ ।

## गोडमेल

जर्बेरा फूल खेतीमा गोडमेल पनि एक महत्बपूर्ण कार्य हो । बिरूवा रोपेको पहिलो ३ महिनासम्म झारपातले केही दु:ख दिन सक्छ र झारपात हटाउनु जरूरी पनि हुन्छ । त्यसैले हरेक १५ दिनको अन्तरमा गोडमेल गरिराख्नुपर्छ । त्यसपछि १ महिनाको फरकमा गोडमेल गर्नुपर्छ ।


## विशेष कार्य

- रोपेको २ महिनासम्म देखिएका सबै फूलफूल्ने कोपिलाहरू हटाउनु पर्दछ त्यसपछि मात्रै फूलाउनको लागि राख्नुपर्छ । अन्यथा बोट राम्ररी सप्रन पाउँदैन र उत्पादनमा असर पर्छ ।
- बिरूवाले सजिलै पानी र खाद्यतत्व सोस्न तथा जरामा हावाको आवतजावत राम्रो गराउन हरेक २ हप्तामा बिरूवाको वरिपरिको माटो खोस्री राख्नुपर्छ ।
- पुराना पातहरू हटाउँदै जानुपर्छ तबमात्रै नयाँ पातहरू पलाउने र बढ्ने हुन्छ ।

## फूल उत्पादन

सामान्यतया बिरूवा रोपेको ३ महिनामा फूलफूल्न सुरु गर्छ । फूल पुरै खुलि सकेपछि वा बाहिरी २–३ लाईन पुष्पदल डाँठसंग नब्बे डिग्री हुनेगरि खुलेपछि हार्भेष्ट लिन उपयुक्त हुन्छ । हार्भेष्ट बिहान वा साँझको समयमा गर्नु उपयुक्त हुन्छ र डाँठ सहितको फूललाई crown बाट बिस्तारै छुटाउनु पर्दछ । कुनै पनि बालीको उत्पादनमा विभिन्न पक्षहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जस्तै खेतीगर्ने तरिका, प्रयोग गरिने जातहरू, माटो तथा हावापानी आदि । सामान्यतया जर्बेरामा खुल्ला वा सेड नेट दिएर खेती गर्दा १४०–१५० stick /प्रति वर्ग मिटर/वर्ष र ग्रिनहाउस भित्र २२५–२५० stick/प्रति वर्ग मिटर/वर्ष उत्पादन भएको रेर्कड पाईन्छ ।

## जर्बेरा फूलको Flowering stages




चित्र नं. १: जर्बेरा फूल फूल्ने विभिन्न चरणहरू

## बाली उपरान्त गरिने उपचार, ग्रेडिङ्ग तथा प्याकेजिङ्ग

फूलको डाँठलाई बोटबाट छुटाएको ठाउँभन्दा करिब २–३ से.मी. माथि काट्ने र काट्ने बित्तिकै क्लोरिनेटेड पानी (१%) वा सोडियम हाइपोक्लोराइड ६–७ मि.लि./लिटर पानीका दरले मिसाई तयार गरेको घोलमा राख्न सकिन्छ । फूलको क्वालिटी मापनको लागि विभिन्न आधारहरू तय गरिएका हुन्छन् । जस्तैः फूलका विभिन्न आयामहरूको आधारमा, रोग कीराको अवस्था, कुनै चोटपटक लागे या नलागेको अवस्था आदि । साथै फूलको गुणस्तर फूल काट्नु अगाडिको अवस्था, काट्ने बेलाको अवस्था र काटिसकेपछिको अवस्थाले पनि निर्धारण गर्दछ । ग्रेडिङ्ग प्रक्रिया देश अनुसार फरक फरक हुन सक्छ ।

| ग्रेड | A | B | C |
|---|---|---|---|
| कम्तिमा डाँठको लम्बाई | २० इन्च वा ५० से.मी. | १६ इन्च वा ४० से.मी. | १२ इन्च वा ३० से.मी. |
| कम्तिमा फूलको डायमिटर | ३.५ इन्च वा ९ से.मी. | ३ इन्च वा ७.५ से.मी. | ३ इन्च वा ७.५ से.मी. |
| वलियो डाँठ | १०° | २०° | २०° |
| डाँठको झुकाव | १ इन्च वा २.५ से.मी. | १ इन्च वा २.५ से.मी. | १ इन्च वा २.५ से.मी. |
| प्रति डाँठ फूलको संख्या | १ | १ | १ |

भौतिक क्षतिबाट बचाउन र ग्राहकले खोजेको गुणस्तरमा फूल उपलब्ध गराउन बजारमा दुई किसिमका प्याकेजिङ्ग बक्सहरू प्रयोगमा आएको पाईन्छ । ठूलो साईजको बक्स मुख्यतया होलसेल र बाहिर पठाउनु पर्ने कन्साइनमेन्टहरूको लागि प्रयोग गरिन्छ भने सानो साइजको (१० से.मी. x २० से.मी. x ४७ से.मी.) बक्स खुद्रा बिक्रीको लागि प्रयोग गरिन्छ । सामान्यतया ठूलो साइजको जर्बेरा १० डाँठको १ मुठा र सानो साईजको छ भने २० डाँठको १ मुठामा राखी पोलिथिलिन sleeves मा प्याक गरि स्ट्याण्डर्ड साइजको ventilated र labeled कार्टुन बक्समा राख्ने र बजार पठाउनु भन्दा अघि २–४°c मा स्टोर गर्ने ।

# रोग तथा कीरा नियन्त्रण

## सेतो झिंगा (White fly)

सेतो झिंगा मध्यम तातो ठाउँहरू र ग्रिन हाउसहरूमा धेरै खतरनाक शत्रुजीवको रूपमा देखा परेको छ । यो कीराले पातको तल्लो भागमा बसी रस चुसेर नोक्सान पुऱ्याउँदछ । यो कीराले शरीरबाट एक प्रकारको गुलियो पदार्थ (हनिड्यु) निकाल्दछ जसमा पछि सुट्टी फैलन्छ । आक्रमण बढ्दै जाँदा बिरूवाको बृद्धि-विकासमा समेत असर पर्न जान्छ । पातहरू पहेंलिंदै र बिरूवा सुक्दै जान्छ । यो कीराले भाईरल रोग समेत फैलाउने काम गर्दछ ।





चित्र नं. २: सेतो झिंगाले पातको पछाडि अण्डा पारेको (बायाँ), वयस्क सेतो झिंगा (दायाँ)

### नियन्त्रण

१. कीराको उपस्थिति चेक गर्नको लागि साथै वयस्क कीराहरू Trap गर्न पहेंलो टाँसिने कार्ड प्रयोग गर्ने ।
२. यो कीराले बढि मन पराउने अन्य बिरूवा जस्तै भण्टा, गोलभेंडालाई trap crop को रूपमा प्रयोग गर्ने ।
३. Insect barrier को रूपमा मसिनो जालीको fence र double door system बनाउने ।
३. नीममा आधारित कीटनाशक विषादीहरू प्रयोग गर्ने ।
४. बायो कन्ट्रोल एजेन्टको रूपमा parasitic wasp हरूलाई प्रयोग गर्ने ।

## थ्रिप्स (Thrips)

थ्रिप्सले जर्बेरा फूलको पूष्पदल, पत्रदल, कलिला पात तथा डाँठ समेतबाट रस चुसी नोक्सान पुऱ्याउँदछ । यसको आक्रमणबाट हल्का रंगको फूलहरूमा खैरो र गाढा रंगको फूलहरूमा सेतो वा रंग उडेको जस्तो भागहरू देखिन्छ । जसले गर्दा फूलको गुणस्तरमा नै असर पर्न जान्छ । साथै भाईरल रोग अन्यत्रबाट जर्बेरामा सार्न सक्ने भएकोले पनि समयमै कीरा नियन्त्रण गर्नु जरूरी हुन्छ ।



चित्र नं. ३: वयस्क थ्रिप्स (बायाँ), फूलको पुष्पदलमा थ्रिप्सको आक्रमण (दायाँ)

### नियन्त्रण

१. बारीमा कीराको आक्रमण सर्भिलेन्स तथा मनिटरिंग गर्नको लागि पहेंलो वा निलो रंगको टाँसिने कार्ड प्रयोग गर्ने ।
२. कीरालाई प्रश्रय दिने झारपातहरू हटाएर बारी सफा राख्ने ।
३. वायोलोजिकल pest control agent को रूपमा विभिन्न खाले predatory mites हरूको प्रयोग गर्ने ।
४. बोटानिकल कीटनाशक विषादीहरू प्रयोग गर्ने ।
५. रासायनिक विषादीहरूको प्रयोग गर्नै परेमा डाईमेथोयेट २ मि.लि/लिटर पानीको दरले वा ईमिडाक्लोप्रिड (१७.८% एस.एल.) ५०–७५ मि.लि./१०० लिटर पानीको दरले प्रयोग गर्ने र पटक पटक एउटै विषादी प्रयोग नगरेर रोटेसनमा प्रयोग गर्ने ।

## पातमा सुरूङ बनाउने कीरा / पात खन्ने कीरा (Leaf miner)

चिसो ठाउँमा भन्दा ग्रिनहाउसहरूमा यो कीराको प्रकोप बढि पाईन्छ । वयस्क पोथीले पात वा फूलको पुष्पदल भित्र फुल पार्दछ । जब लार्भा निस्कन्छ तिनै लार्भाहरूले पातको भित्री भाग खाँदै जाँदा सुरूङ्ग जस्तो भाग देखिन्छ । कीराको आक्रमण बढ्दै जाँदा बिरूवाको प्रकाश संस्लेषणमा नै नकारात्मक असर पर्दछ, जसको सिधा असर उत्पादनमा पर्न जान्छ ।





चित्र नं. ४: पात खन्ने कीराको वयस्क (बायाँ), कीराले पातमा गरेको क्षति (दायाँ), कालो वारूलो (तल)

## नियन्त्रण

१. कीराको अनुगमनको लागि पहेंलो टाँसिने कार्ड प्रयोग गर्ने ।
२. कीरालाई प्रश्रय दिने झार तथा कीराले आक्रमण गरेको बिरूवाका विभिन्न भागहरूलाई बारीबाट टाढा लगेर जलाउने वा गाड्ने ।
३. अनुगमन र अबलोकनबाट थाहा भएका कीराको प्रकोपबाट बढि ग्रसित हुने जातहरूलाई हटाएर आक्रमण प्रतिरोधि जातहरू लगाउने ।
४. बायोकन्ट्रोल एजेन्टको रूपमा कालो बारूलो (black wasp) का Dacnus वा Diglyphus जातहरूलाई प्रोत्साहन गर्ने ।
५. नीममा आधारित कीटनाशक विषादीहरू जस्तै एजाडिन्याच्टिन वा एजागार्ड ३% प्रयोग गर्ने ।

## लाही (Aphids)

लाही कीराको बच्चा तथा माउ दुबैले कलिला पात र कोपिलाबाट रस चुसी बिरूवालाई कमजोर बनाउँछन् । यो कीराले आफ्नो पेटबाट गुलियो टाँसिने पदार्थ फाल्दछ । त्यसमा एक प्रकारको ढुसी लाग्दा बिरूवाको प्रकाश संश्लेषणमा नै असर पर्न जान्छ । रस चुस्ने क्रममा रोगी बोटबाट स्वस्थ बोटमा भाइरस लगायत अन्य रोगका जिवाणुहरू पनि सार्ने भएकोले अझै खतरनाक मानिन्छन् ।





चित्र नं. ५: वयस्क लाही कीरा (बायाँ), लाहीले फूलमा गरेको क्षति (दायाँ)

### नियन्त्रण

१. प्राकृतिक शत्रुहरूको प्रयोग गर्ने / प्रोत्साहन गर्ने । जस्तैः लेडि बर्ड बिटलले लाहीलाई खान्छ ।
२. बोटानिकल कीटनाशक विषादी जस्तैः पाईरिथ्रुम र नीमको तेल मिसाएर प्रयोग गर्ने ।
३. पहेंलो पासोको प्रयोग गर्ने ।
४. रासायनिक विषादीहरू डाईमेथोयेट २ मि.लि/लिटर पानीको दरले वा ईमिडाक्लोप्रिड (१७.८% सी.ए.) ५०–७५ मि.लि. / १०० लिटर पानीको दरले प्रयोग गर्ने ।

## रातो सुलसुले (Red spider mite)

जर्बेरा फूलमा धेरै हानि पुऱ्याउने कीरा मध्ये रेड स्पाइडर माईट पनि एक हो । यसको आक्रमणबाट कलिला पातहरूमा रस चुसेको मसिना सेता दाग (स्पट) हरू देखिन्छ । प्रकोप बढ्दै जाँदा बिरूवाहरूमा जालो र कहिलेकाहिं पातको तल्लो भागमा रातो धुलो पनि भेटिन्छ । समग्रमा बिरूवाको बृद्धि, फूलको गुणस्तर, उत्पादन र ताजापन रहने अवधिमा समेत असर पुऱ्याउँदछ । सुख्खा मौसम, उच्च तापक्रम र र बिरूवा पानीको स्ट्रेसमा छ भने यसको प्रकोप र क्षति ज्यादा हुन्छ ।



चित्र नं. ६: पातको पछाडिको भागमा स्पाइडर माइट (बायाँ), क्षतिको लक्षण (दायाँ)

### नियन्त्रण

१. बिरूवालाई पानीको अभाव हुन नदिने ।
२. छ थोप्ले थ्रिप्स र लेडि बर्ड बिटललाई प्रत्साहन गर्ने । जस्ले माईटको संख्या घटाउँछ ।
३. कीटनाशक साबुन वा तेलको प्रयोग गर्ने । जस्तैः नीम तेल, कपासको तेल, क्लोभ तेल, रोजमेरी तेल आदि ।
४. संक्रमित बिरूवालाई तुरून्त उखेलेर हटाउने ।
५. पाईरीथ्रुममा आधारित विषादीहरू प्रयोग गर्ने ।
६. रासायनिक विषादीहरूको प्रयोग बढि महंगो साथै शत्रुजीवको रीसर्जेन्स वा outbreak हुन सक्ने खतरा भएकोले प्रयोग नगर्नु नै बुद्धिमानी हुन्छ ।

## पातको थोप्ले रोग (Leaf spot)

यो रोग जर्बेरामा अल्टरनेरिया वा सर्कोस्पोरा नामका ढुसिबाट लाग्ने गर्दछ । यो रोग लाग्दा सुरूको अवस्थामा पातमा पानीले भिजेको जस्तो गोलाकार वा अनियमित आकारका दागहरू देखिन्छ । पछि ती थोप्लाहरूको साईज बढ्दै जान्छ र कहिलेकाहिं प्याजी खैरो (purple brown) रंगको धब्बाहरू पनि देखिन्छ । धब्बाहरूको बीचमा प्वाल परेको पनि भेटिन्छ र विस्तारै पुरै पात सुक्दै जान्छ ।



चित्र नं. ७: पातमा क्षतिको लक्षण

### नियन्त्रण

१. आवश्यकता भन्दा बढि सिंचाई नगर्ने तथा पानी दिंदा सकेसम्म बिहानको समयमा र पात नभिज्ने गरि दिने ।
२. उपचार गरिएको बिउ/बेर्ना तथा माटो प्रयोग गरि स्वस्थ बोट हुर्काउने ।
३. रोग निरोधक जातहरूको प्रयोग गर्ने तथा खेतबारीको सरसफाई र निकासमा ध्यान दिने ।
४. ढुसिनासक विषादी हेक्जाकोनाजोल वा क्लोरोथालोनिल प्रयोग गर्ने ।

## सेतो ढुसि (Powdery mildew)

*Erysiphe cichoricearum* भन्ने ढुसिको कारण जर्बेरामा यो रोग लाग्दा सुरूमा पात तथा फूलको कोपिला समेतमा खैरो वैजनी (purple brown) रंगको पाउडर जस्तो धुलो देखा पर्दछ । प्रकोप बढ्दै जाँदा फूलको डाँठ तथा पुरै बोट

धुलाम्य हुन्छ । पातहरू साना, घुम्रेका र केही बाक्ला हुन्छन् र समयमै रोग नियन्त्रण नभएमा पुरै बिरूवा सुकेर मर्ने हुन्छ ।







चित्र नं. ८: विरूवाका विभिन्न भागमा सेतो ढुसीको क्षतिको लक्षण

## नियन्त्रण

१. प्रति वर्गमिटर बिरूवा संख्या उच्च भएमा वा हावाको आवत/जावत सबै बिरूवा सम्म राम्ररी नहँदा रोग फैलने सम्भाबना बढि हुन्छ ।
२. रोग लागेका पातहरू, झारहरू तथा पुराना पातहरू बेलाबेलामा हटाउँदै खेतबारी सफा राख्ने ।
३. रोगको संक्रमण जातमा पनि फरक पर्न सक्ने हुनाले संक्रमित हुन सक्ने जातहरूलाई हटाएर रोग सहन सक्ने वा रोग प्रतिरोधि जातहरू वा हाईब्रिड बिरूवा लगाउने ।
४. बेकिङ्ग सोडा वा पोटासियम वाइकार्बोनेट वा सल्फर वा नीम तेल वा भिनेगार वा लसुनको तेल आदिले नियमित स्प्रे गर्दा पनि रोग नियन्त्रण गर्न सकिन्छ ।

५. डिनोकाप (काराथेन) वा कार्बेन्डाजिम वा एजोक्सीस्ट्रोबिन १ ग्राम प्रतिलिटर पानीको दरले स्प्रे गर्ने ।

## फूलको कोपिला कुहिने रोग (Flower bud rot)

*Botrytis cinerea* भन्ने ढुसी जिवाणुबाट जर्बेरामा यो रोग लाग्दा सुरूको अवस्थामा फूलको कोपिलाहरूमा खैरो धब्बाहरू देखिन्छ । फूलको पत्रदल, पुष्पदल र काण्डमा समेत रोगको लक्षण देखा पर्दछ । रोगी कोपिलाहरू बढ्न र फक्रन नसकि सुकेर झर्दछ ।



चित्र नं. ९: *Botrytis cinerea* बाट भएको असर

## नियन्त्रण

१. उच्च आद्रता र उपयुक्त तापक्रम भएमा रोगको प्रकोप बढ्न सक्ने भएकोले आद्रता घटाउन विशेष ध्यान दिनु जरूरी हुन्छ । जस्तैः ग्रिनहाउसहरूको छानामा भेन्टिलेसनको व्यवस्था मिलाएर वा बिरूवामा पानी राख्दा पातमा नपर्ने गरि दिएर वा पानी दिंदा बिहानको समयमा मात्र दिएर ।

२. हावाको राम्रो आवत जावतका लागि पुराना तथा रोगी पातहरू बेला बेलामा हटाउँदै गर्ने ।

३. फूलफूल्न सुरू गरेपछि हरेक १०–१२ दिनको फरकमा फूल फूलेसम्म ढुसिनासक विषादीहरू कपरसोप, सिरिनेड गार्डेन (Serenade Garden), माइकोस्टप वा ग्रिन केयर आदि प्रयोग गर्ने ।

४. कपर अक्जिक्लोराईड २ ग्राम प्रति लिटर पानीका दरले स्प्रे गर्ने ।

## फेद कुहिने रोग (Crown rot / Foot rot)

ग्रिनहाउस जर्बेरामा सबैभन्दा जटिल समस्याको रूपमा देखिएको यो रोग मुख्यतयाः *Phytophthora cryptogea* र *Rhizoctonia solani* भन्ने माटोबाट सर्ने ढुसिबाट लाग्ने गर्दछ । यो रोग लाग्दा सुरूको अवस्थामा पातहरू पहेंलिन्छन् । पछि बिरूवा एक्कासि ओइलाउँछ र सुक्छ । सुकेको बिरूवालाई माटोबाट निकालेर हेर्दा जरा कुहेको भेटिन्छ साथै जरा र डाँठको तल्लोभाग (माटोले छोइएको भाग) को बीचमा पनि खैरो भाग देखिन्छ ।



चित्र नं. १० : क्षतिको लक्षण

### नियन्त्रण

१. बिरूवा रोप्ने बेला crown को भाग माटो भित्र नपर्ने गरि रोप्ने ।
२. पानी जम्ने ठाउँमा यो रोगको प्रकोप बढि देखिने हुनाले पानी जम्ने गरि सिंचाईं गर्नु हुँदैन साथै flooding बाट पनि सिंचाई गर्नु हुँदैन र निकासको राम्रो व्यवस्था मिलाउनु पर्दछ ।
३. रोगी बोटहरूलाई तुरून्तै उखेलेर हटाउने, गाड्ने वा जलाउने ।
४. माटोको निर्मलिकरण गरेर तथा रोप्नु अगाडि कुनै ढुसिनासक विषादीमा बिरूवा डुबाएर मात्र रोप्ने ।
५. अर्गानिक ढुसिनाशक विषादीहरू प्रयोग गर्ने ।

## सन्दर्भ श्रोतहरु (Reference)

AF (Agri. Farming). 2017. Gerbera Flower Farming Information guide.

http://www.agrifarming.in/gerbera-flower-farming/

Pandey, R.K. 2015. Gerbera Cultivation: How to Grow and Protect Gerbera Flower. Krishi Sandesh. http://www.krishisandesh.com/gerbera-cultivation how-to-grow-protect-gerbera-flowers/

Pedapati.A. 2017. Grading and Packaging of Quality Grade cut Flowers for Export . NewDelhi. India.

http://www.gerbera.org/

https://www.planetnatural.com/pest-problem-solver/plant-disease/gray-mold/

ICAR 2015. Disease and Pest Management in flower crops under polyhouse. ICAR- Directorate of Floricultural Research. College of Agriculture Campus. Shivajinagar. Pune. 411005 (Maharastra)

Reid.M.S.2009. Handling of Cut flowers for Export. University of California. Davis.CA.95616.USA.Proflora Bulletin.pp.5.

US.2017. Gerbera disease. Disease. Symptoms. Pathogen/ Cause. Management. University of Pensylvania, College of Agricultural Sciences Research and Extension Programs and the U.S. Department of Agriculture. http://extension.psu.edu/ pests/ plant-diseases/ all-fact sheets/ gerbera-diseases/ pdf_factsheet

## Pictures Galary



Fig : seed stage




Fig: seed sowing



Fig: New shoots in flowering stage.



Fig: Flower opening



Fig: Fully opened up flower.




**प्रकाशक**

पुष्प विकास केन्द्र

गोदावरी, ललितपुर, फोन : ०१-५१७४२६०

Email : pbkgodawari@gmail.com

**प्रकाशन वर्ष**

आ.व. २०७३/०७४

**प्रकाशन**

१००० प्रति

**मुद्रण**

हिसी प्रेस, ललितपुर

५५५१४४४